annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १४ पृष्ठ ८ | काठमाडौं, बुधबार ३१ वैशाख २०८२ | जेष्ठ कृष्णपक्ष द्वितीया नेपाल संवत् ११४५ | WEDNESDAY, MAY 14, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०


कभर स्टोरी

# बर्खाका विपद् देखिन थालिसके, पूर्वतयारीमा छैन मेल

वैशाख अन्तिममा पानी पर्दा बीपी राजमार्ग भासिएको छ। पूर्व–पश्चिम राजमार्गका ठाउँ–ठाउँमा पहिरो जाने, पुल भाँचिने र सडकमै खोला पस्ने समस्या देखिन थालेका छन्। यतिबेला सरकारी निकाय विपद्को पूर्वतयारीमा जुट्नुपर्ने हो। तर, उनीहरूबीच टसलका कारण पूर्वतयारीको काम ठप्प प्रायः छ। अझ गृह मन्त्रालय र मातहतको विपद् व्यवस्थापन तथा न्यूनीकरण प्राधिकरणबीच त समन्वयको निकै अभाव देखिएको छ। सरकारी निकायबीचको यस्तो अवस्थाले बर्खामा हुने विपद्को उद्धार र राहतको अवस्था के होला ? सर्वसाधारण चिन्तित छन्।

अजवी पौड्याल | *काठमाडौं*

– को रिपोर्ट




२०८२ वैशाख १ देखि २८ गतेसम्म

| विपद् संख्या | मृत्यु संख्या | अनुमानित क्षति |
|---|---|---|
| ७३२ | २१ | १७ करोड |

समाचार पृष्ठ २

गत असोजमा दुईवटा माइक्रो र एउटा बस पहिरोले पुरिएको धादिङको झ्याप्ले खोला। ● अन्नपूर्ण फाइल फोटो

## बेलायतको श्रम बजारमा मन्दी, तलब वृद्धिमा गिरावट



**लन्डन** (एजेन्सी) : बेलायतको श्रम बजारले सन् २०२५ को प्रारम्भिक चरणमा मन्दीका थप संकेत देखाएको छ। हालै सार्वजनिक गरिएको सरकारी तथ्यांकअनुसार तलब वृद्धिको दर केही घटेको, बेरोजगारीमा सामान्य वृद्धि देखिएको र रोजगार अवसरहरू पनि घट्दै गएका छन्।

राष्ट्रिय तथ्यांक कार्यालय (ओएनएस) का अनुसार सन् २०२५ को पहिलो त्रैमासिकमा रोजगारी दर ७५ प्रतिशत रहेको छ, जुन अघिल्लो वर्षको तुलनामा थोरै उच्च हो। यद्यपि, बेरोजगारी दर भने अघिल्लो वर्षको तुलनामा केहि बढेको देखिएको छ।

फेब्रुअरीदेखि मार्च महिनाको अवधिमा कम्पनीहरूको तलब सूचीमा रहेका कर्मचारी संख्या ४७ हजारले घटेको छ भने प्रारम्भिक अनुमानअनुसार अप्रिल महिनामा थप ३३ हजारले कमी आउने सम्भावना देखिएको छ।

तलब वृद्धिदर पनि केही मन्द भएको देखिएको छ। बोनस बाहेकको औसत साप्ताहिक आम्दानी अघिल्लो वर्षको सोही अवधिको तुलनामा ५.६ प्रतिशतले बढेको छ, जुन अघिल्लो त्रैमासिकको ५.९ प्रतिशतभन्दा केही कम हो। बोनससहितको कुल तलब ५.५ प्रतिशतले बढेको देखिएको छ। मुद्रास्फीतिसँग समायोजन गर्दा वास्तविक तलब वृद्धिदर १.८ प्रतिशत रहेको छ।

अर्कोतर्फ, रोजगारको अवसर पनि घट्दै गएका छन्। अहिले कुल रोजगारीको अवसर सात लाख ६१ हजार पुगेको छ, जुन महामारीपूर्वको स्तरभन्दा थोरै कम हो। आर्थिक विश्लेषकहरूले श्रम बजारमा देखिएको मन्दी पछाडि उच्च तलब कर र हालै गरिएको न्यूनतम तलब वृद्धिलाई मुख्य कारणका रूपमा औंल्याएका छन्। खुद्रा तथा आतिथ्य सेवाका क्षेत्रहरूमा विशेष गरी मार्च र अप्रिल महिनामा रोजगारीमा कटौती देखिएको छ।

यद्यपि श्रमिक मागमा केही गिरावट देखिएको भए पनि तलब वृद्धिदर अझै उच्च भएकाले बेलायतको केन्द्रीय बैंक (बैंकक अफ इंग्ल्यान्ड) लाई मुद्रास्फीति नियन्त्रणमा चुनौतीको सामना गर्नुपरेको बताइएको छ। बैंक अफ इंग्ल्यान्डले यसै महिनाको प्रारम्भमा आफ्नो प्रमुख ब्याजदर ०.२५ प्रतिशतले घटाउँदै ४.२५ प्रतिशतमा झारेको थियो। तथापि, थप ब्याजदर घटाउने विषयमा नीति निर्माताहरू अझै मुद्रास्फीति घटेको थप प्रमाणको प्रतीक्षामा रहेको बताएका छन्।

## मलेसियन जहाज रूसले खसाएको आईकाओ परिषद्को दाबी

सुनिता कार्की | *काठमाडौं*

११ वर्षअघि नेदरल्यान्ड्सको आम्सटरडमबाट मलेसियाको क्वालाम्पुर जाँदै गरेको मलेसियन एयरलाइन्सको विमान युक्रेनको आकाशमा 'दुर्घटना' भएको थियो। अस्ट्रेलिया र नेदरल्यान्ड्स लगायतका देशहरूले रुसले गोली हानी उक्त विमान खसालेको भन्दै दोषी देखाए।

तर, रूसले अस्वीकार गरिरह्यो। सन् २०१४ जुलाईमा उक्त घटना भएको थियो। यस घटनामा २८३ यात्री र १५ जना उडान चालक दलका सदस्यहरूको मृत्यु भएको थियो। अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आईकाओ) को परिषद्ले मलेसियन एयरलाइन्सको उक्त जहाज रूसको आक्रमणका कारण दुर्घटना भएको जनाएको छ। घटनाको झन्डै ११ वर्षपछि आईकाओको औपचारिक वेभसाइटमा उक्त घटनामा रूसलाई दोषी देखाइएको छ।

आईकाओका अनुसार सन् २०१४ जुलाईमा युक्रेनको आकाशमा रूस-नियन्त्रित सशस्त्र समूहले एमएच१७ जहाजलाई खसालेको थियो। जहाजलाई रूसले समर्थन गरेको सशस्त्र समूहले १७ जुलाई २०१४ मा पूर्वी युक्रेनको आकाशमा उडिरहेको समयमा बक ९एम३८ नामक भूमिबाट सिधा आकाशमा हान्न मिल्ने हवाई मिसाइलले



खसाएको थियो। आईकाओले मलेसिया एयरलाइन्सको यात्री विमान एमएच१७ लाई खसाल्ने घटनामा रूसले अन्तर्राष्ट्रिय उड्डयन कानुनको उल्लंघन गरेको आरोप लगाएको छ।

आईकाओको ७८ वर्षे इतिहासमा पहिलो पटक यसले कुनै सदस्य राष्ट्रविरुद्ध यस्तो कडा निर्णय सुनाएको सूचनामा भनिएको छ। आईकाओले विवाद समाधान प्रक्रियाअन्तर्गत कुनै मामिलामा पहिलो पटक कानुनी रूपमा फैसला गरेको देखाउँछ। अस्ट्रेलिया र नेदरल्यान्ड्स लगायतका देशहरूले यस घटनाको जाँच गरी रूसलाई जिम्मेवार ठहराउनु पर्ने बताउँदै आएका थिए। आईकाओको परिषद्ले अस्ट्रेलिया र नेदरल्यान्ड्सले उठाएको आरोपलाई तथ्य र कानुनी आधारमा सही भएको साबित गरेको छ। आईकाओका अनुसार रूसले अन्तर्राष्ट्रिय नागरिक उड्डयन सम्मेलनको धारा ३ बिस उल्लंघन गरेको छ। अन्तर्राष्ट्रिय नागरिक उड्डयन सम्मेलन (शिकागो सम्मेलन) मा अनुच्छेद ३ बिसले कुनै पनि राष्ट्रले उडिरहेका नागरिक विमानहरूमा हतियार प्रयोग गर्नु नहुने, यात्री विमानलाई गोली हान्ने, मिसाइल प्रहार गर्ने वा कुनै पनि हिंसात्मक कार्य गर्न मनाइ गरिएको भनेको छ।

» बाँकी पृष्ठ ६




## निर्वाचन आयोगद्वारा शेख हसिनाको पार्टीलाई प्रतिबन्ध

**ढाका** (एजेन्सी): बंगलादेशको निर्वाचन आयोगले अपदस्थ प्रधानमन्त्री शेख हसिनाको राजनीतिक दल अवामी लिगको भविष्यको संसदीय चुनावमा सहभागिता रोक्ने गरी दर्ता निलम्बन गरेको छ। नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको अन्तरिम सरकारले आइतबार अवामी लिगलाई प्रतिबन्ध लगाएको हो। यो प्रतिबन्ध गत वर्ष हसिनालाई अपदस्थ गर्न प्रेरित गरेको सामूहिक विरोध प्रदर्शनमा गरेको दमनको मुद्दाको फैसला नआएसम्म जारी रहने छ।

अवामी लिग बंगलादेशको सबैभन्दा पुरानो राजनीतिक दल हो र यसले सन् १९७१ मा देशको मुक्ति युद्धको नेतृत्व गरेको थियो। संयुक्त राष्ट्रसंघका अनुसार सन् २०२४ जुलाई-अगस्टमा हसिनाको सरकारले विपक्षीमाथि कारबाही गर्न क्रूर अभियान चलाउँदा एक हजार चार सय प्रदर्शनकारीको मृत्यु भएको थियो।

७० वर्षीया हसिना भारतमा स्व-निर्वासनमा हुनुहुन्छ र मानवता विरुद्धको अपराधको आरोपमा ढाकाबाट गिरफ्तारी वारेन्टको अवहेलना गरेकी छन्। बंगलादेश निर्वाचन आयोगका वरिष्ठ सचिव अख्तर अहमदले गृह मन्त्रालयको सिफारिसका आधारमा अवामी लिगको दर्ता निलम्बन गरेको बताए।

## डलर बढेको बढ्यै, नेपाली रुपैयाँ निरन्तर अवमूल्यन


ममता थापा | *काठमाडौं*

आर्थिक वर्ष ०८१/८२ को सुरुवाती महिना (साउनदेखि) नै अमेरिकी डलरको विनिमयदर उच्च भइरहेको छ। जसका कारण नेपाली रुपैयाँ निरन्तर अवमूल्यन भइरहेको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांकअनुसार चालु आव सुरु भएयता हरेक महिना नेपाली मुद्दा अबमूल्यन दर बढ्दै गएको छ।

साउनदेखि चैतसम्म औसत १.९७ प्रतिशतले नेपाली रुपैयाँ अवमूल्यन भएको छ। सबैभन्दा बढी फागुन महिनामा डलरसँग नेपाली रुपैयाँ ४.२२ प्रतिशतले अवमूल्यन भएको थियो। सो महिनामा डलरको विनिमय दर हालसम्मकै उच्च अर्थात् बिक्रीमूल्य १ डलर बराबर १ सय ३९ रुपैयाँ ५५ पैसासम्म पुगेको थियो।

चालु आव सुरुदेखि नै डलर बलियो हुँदै जाँदा भारतीय मुद्रा र नेपाली रुपैयाँ भने कमजोर बन्दै गए।

अन्तर्राष्ट्रिय स्तरमै सुरक्षित मुद्रा ठानिने भएकाले अधिकांश मुलुकले रिजर्भ राख्ने गरिएकाले अमेरिकन डलरको माग बढेको र पछिल्ला दिनमा मूल्य अकासिएको अनुमान गरिएको छ। विज्ञकाअनुसार भारतीय मुद्रासँगको अन्तआबद्धताका कारण डलर बढ्दा भारु कमजोर भएकाले नेपाली मुद्रा पनि




स्वाभाविक रूपमा कमजोर हुन्छ। सरकारले नेपाली रुपैयाँलाई भारतीय रुपैयाँसँग स्थिर विनिमय दर अनुपात भारतीय १ रुपैयाँको नेपाली १ रुपैयाँ ६० पैसा राखेको छ। डलरको तुलनामा भारु पनि कमजोर हुँदै गएको छ। विनिमय दरको उतारचढावसँगै प्राय भारु नै डलरको तुलनामा क्रमशः खस्किँदै गयो। नेपाली मुद्रा भने केही समय बलियो पनि देखियो। असोजको पहिलो साता एक अमेरिकी डलर विनिमय दरको १ सय १७ देखि १ सय १८ रुपैयाँ हाराहारीमा रह्यो। त्यतिबेला भने डलर कमजोर अर्थात् अवमूल्यन भएको थियो। तर, यो अवस्था धेरै समय रहेन। असोज अन्तिम सातादेखि फेरि यसको बिक्रीदर १ सय २१ रुपैयाँ नाघ्यो। असोज २७ मा एक डलरको विनिमय दर १ सय २१ रुपैयाँ १२ पैसा पुग्यो। तर, अहिले सो दरभन्दा पनि निकै बढी पुगेको राष्ट्र बैंकको तथ्यांकमा उल्लेख छ।

यद्यपि फागुनमा उच्च भएको डलर वैशाखमा थोरै घटेको छ। राष्ट्र बैंकले मंगलबारका लागि एक अमेरिकी डलरको बिक्री दर अर्थात् विनिमय दर १ सय ३६ रुपैयाँ ९० पैसा पुगेको छ। यस्तै सो दिनको खरिद दर भने १ सय ३६ रुपैयाँ ३० पैसा पुगेको छ। अमेरिकन अर्थतन्त्रको प्रभुत्व विश्वव्यापी हुँदा डलर महँगियो।

अमेरिका र उसको मुद्राप्रतिको विश्वास बढी भएकाले पनि क्रमशः महँगो हुँदै गएको बताउँछन् अर्थविद् डा. रमेश पौडेल। उनका अनुसार सबैभन्दा धेरै व्यापार गर्ने मुलुकले डलरमै कारोबार गर्छन्। 'अहिलेसम्म जेसुकै कारणले पनि अमेरिकन अर्थतन्त्रको प्रभुत्व विश्वव्यापी अर्थतन्त्रमा छ,' डा. पौडेल भन्छन्, 'विश्वबजारमा हेर्दा अधिकांशले पेट्रोलियम पदार्थमा, गरगहना (सुन, हीरा) डलरमा रिजर्भ गर्ने चलन छ।

यसैले पनि अरू मुद्राको भन्दा बढी डलरमा आकर्षण देखिँदै आएको छ। पछिल्लो समय विश्व बजारमा पेट्रोलको मूल्य केही घट्दो छ र सुन, डाइमन्डको मूल्य स्थिर छ।' यससँगै, नेपाली रुपैयाँको मूल्य अवमूल्यन हुनुको कारण भारुसँगको अन्तरआबद्धता (पेग) छ। 'ग्लोवल स्ट्यान्डर्डमा डलरको तुलनामा भारु कमजोर भयो। त्यसको प्रभाव नेपाली रुपैयाँलाई परेको हो,' डा.पौडेलले अन्नपूर्णसँग भने।

» बाँकी पृष्ठ ६